# त्रिवेणी नगरपालिका

**नगर सभाको**

**१९ औं अधिवेशन**

# आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

**सम्मानीत नगरसभाका सम्पुर्ण सदस्य ज्युहरु,**
**त्रिवेणीवासी आदरणिय आमाबुवा, दिदिबहिनि तथा दाजुभाईहरु!**

यस त्रिवेणी नगरपालिकाको नगरसभा अध्यक्षको हैसियतले सम्मानीत सभा समक्ष आज म नगरसभाको १९ औं अधिवेशनमा आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित महसुस गरेको छु।

सर्वप्रथम, लोकतान्त्रिक व्यवस्था स्थापनाका लागी अमूल्य जीवन अर्पण गर्ने महान सहिदहरुप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु। जनआन्दोलनका घाइते, अपाङ्ग र बेपत्ता नागरिकहरु प्रति श्रदा एवं उच्च सम्मान प्रकट गर्दै देशमा भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्न २०८२ भाद्र २३ र २४ गते देशव्यापी रुपमा भएको Gen-Z आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने सवै सहिदहरुप्रति हार्दिक श्रदासुमन व्यक्त गर्दछु। साथै, यस त्रिवेणी नगरपालिका वडा नं ८ का वडा सदस्य एवं नगरसभा सदस्य स्वर्गीय श्री टेक वहादुर थापा ज्यूको यही मिति २०८२ चैत्र १७ गतेका दिन असामहिक निधन भएकोमा, उहाँको निधनले त्रिवेणी नगरपालिका परिवारमा अपूरणीय क्षति पुगेको छ। त्यसैगरी, नगर खेलकुद विकास समितिका संयोजक स्व. खडक वहादुर अयडीको राष्ट्रपति रनिङशिल्ड प्रतियोगीताको कामको शिलशिलामा मिति २०८३ बैशाख ४ गतेका दिन मोटरसाईकल दुर्घटनामा परी उपचारको क्रममा बैशाख ७ गते भएको असामहिक निधनले समेत अपुरणीय क्षति भएको छ। म वहाहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु।

नगरपालिका र नगरवासिको चाहना अनुरुप विकासका हरेक प्रक्रियामा हातेमालो गर्दै महत्वपूर्ण योगदान पुर्‍याउनु हुने नगर सभाका सवै सदस्यज्युहरु प्रति हार्दिक आभार प्रकट गर्दै यो प्रकृयामा हरपल साथ र सहयोग दिने नगरपालिकाका सवै कर्मचारीहरु र यस नगरका समग्र नगरवासीहरुलाई धन्यवाद दिन चाहन्छु। संविधानको मूल मर्मलाई आत्मवोध गरी स्थानीय सरकारप्रति विकास र परिवर्तनको आशा र भरोसा पैदा गर्न, स्थानीय उत्पादनलाई दिगो र समावेशी आर्थिक बृद्धिको आधार वनाई सामाजिक तथा आर्थिक विकास हासिल गर्न र सुशासन प्रवर्द्धन गर्न नगर सरकार प्रतिवद्ध रहेको बिषय सवै नगरवासी प्रति विश्वस्त पार्न चाहन्छु।

नगरवासीको चाहना अनुरुप नगरसभाको १९ औं अधिवेशनले लिएको ***"स्वस्थ नागरिक, गुणस्तरिय शिक्षा, सवल पूर्वाधार, समावेशी विकास र रोजगारी सृजना – समृद्ध र आत्मनिर्भर नगर निर्माण हाम्रो लक्ष्य"*** पुरा गर्न आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रमले निम्न विषयहरुमा जोड दिएको छ:

- **सीप, उद्यमशीलता र व्यवसाय विकासमार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने।**
- **स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय र सवैको पहुँचमा पु‍‍र्‍याउने।**
- **सिप विकास र ब्यवसाय-मैत्री वातावरण निर्माण गर्दै उत्पादन, उत्पादकत्व र रोजगारी बृद्धि गर्ने ।**
- **कृषि तथा पशुपालन व्यवसायलाई व्यावसायीकरण गर्ने।**
- **प्रविधि-मैत्री गुणस्तरीय शिक्षा, खेलकुद, र विद्यालय पूर्वाधार विकासमा जोड दिने।**
- **महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको हक हितको संरक्षण र सशक्तिकरण गर्ने।**
- **खानेपानी, सरसफाई र विपद् जोखिम न्यूनीकरणमा संस्थागत क्षमता अभिबृद्धि गर्ने।**
- **सुशासन, पारदर्शिता र सेवा प्रवाहलाई प्रविधि-मैत्री र प्रभावकारी बनाउने।**
- **नगरपालिकामा अवस्थित धार्मिक पर्यटन स्थलहरुको संरक्षण, विकास र प्रवर्द्धन गर्ने।**

**नगर सभा सदस्यज्युहरु,**

स्थानीय सरकारको नीति तथा कार्यक्रम तयार गर्दा, नेपालको संविधान २०७२ को अनुसुची ८ र ९ मा उल्लेख भएका स्थानिय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हक एवं राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, संघीय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु, सुदुरपश्चिम प्रदेश सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरु र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम स्थानीय राजनैतिक दल, समाजसेवी, बुद्धिजिवी तथा संघ संस्थाका प्रतिनिधिहरुबाट प्राप्त भएको नीतिगत सुझाव, टोल वस्ति तथा वडाभेलाबाट प्राथमिकीरण गरि आएका योजनाहरु, विषयगत समितिको बैठकबाट आएका महत्वपुर्ण नीतिगत विषयहरु, राजश्व परामर्श समितिको बैठकका निर्णयहरु, हालसम्मका नगर सभाले पारित गरेका निर्णयहरु, बजेट तर्जुमा दिग्दर्शन २०७८, स्थानीय श्रोत साधन एवं विकासका अन्तरसम्बन्धित विषयहरुलाई आधार वनाई तयार गरिएको आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रमको क्षेत्रगत विवरण प्रस्तुत गर्न चाहन्छु।

१. स्थानीय सम्भाब्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरहरुको उपयोग गरी उत्पादन तथा उत्पादकत्व वढाईनेछ। त्रिवेणी नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउँदै कृषिको व्यवसायिकरणमा जोड दिई आय आर्जन तथा रोजगारीका थप अवसरहरु सृजना गरिनेछ।

२. सम्भाव्यता पहिचानका आधारमा आधुनिक कृषि प्रविधि, मल, बिउको उपयोगमार्फत स्थानीय जलवायु र भूगोल अनुसारको उपयुक्त बालीको प्रवर्द्धनमा जोड दिईनेछ।

३. हरेक घरधुरीका एकजना नागरिकको मोवाईल नम्वर नगरपालिकामा अध्यावधिक गरी सूचना सम्प्रेषणलाई थप प्रभावकारी वनाइनेछ।

४. कृषिजन्य बस्तुहरुको व्यवसायिक उत्पादन प्रवर्द्धनका लागी बजार अवसरको सुनिश्चितता दिन उत्पादन थलो नजिक सरकारी, नीजि तथा सहकारी क्षेत्रको लागत तथा व्यवस्थापन साझेदारीमा संकलन केन्द्र र हाटवजारको निर्माण गरिनेछ।

५. आकस्मिक बाली उपचार सेवा सञ्चालन गरिनेछ।

६. नर्सरी स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण र व्यवसायिक मौरीपालन कार्यक्रम सञ्चालन गरिनेछ।

७. रासायनिक मल ढुवानीमा अनुदान उपलब्ध गराइनेछ।

८. महिला, दलित, बालबालिका तथा विपन्न वर्गको आय तथा रोजगारी सृजनाका लागी बाखापालन व्यवसायलाई सुदृढ गरी बाखापालन पकेट तथा श्रोत केन्द्र अवधारणामा कार्यक्रम संचालन गरिनेछ।

९. पशुपन्छीलाई निःशुल्क औषधि वितरण तथा निःशुल्क पशुस्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१०. दुध डेरी स्थापना र व्यवसायिक बाखापान तालिम सञ्चालन गरिनेछ।

११. गाई, भैसी, बाखा र कुखुरापालन व्यवसायिहरुको गोठ तथा खोर व्यवस्थापनमा सहुलियत प्रदान गर्ने नीति लिईने छ।

१२. महिला, दलित र विपन्न बर्गका लागी कृषि तथा सिप विकास कार्यक्रम मार्फत आय आर्जनमा जोड दिईने छ।

१३. विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनको उपयोग गरी थप ब्यवस्थित गरिनेछ।

१४. सिंचित क्षेत्र विस्तारका लागी सिचाई पोखरी, नहर लगायतका पूर्वाधारको विस्तार गरिनेछ।

१५. त्रिवेणी नगरपालिका क्षेत्रमा उत्पादन हुने खाद्यान्न बाली, जडीवुटी, सिलेट काठ जस्ता प्राकृतिक तथा खानीजन्य पदार्थहरुको वस्तु विकास तथा मूल्य अभिबृद्धिका लागी सम्भाव्यता अध्ययन गरिनेछ।

१६. पालिकाको समग्र खाद्य सुरक्षा तथा पोषणको अवस्थावारे तथ्यांक संकलन र विश्लेषण गरी कृषि शाखामा खाद्य सुरक्षा तथा खाद्य सुरक्षा सूचना प्रणालीको स्थापना गरिनेछ।

१७. पोषण तथा खाद्य सुरक्षा रणनीति योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१८. नगरपालिकाभित्र हाल संचालन भइरहेको समुन्नत पोषणका लागी समावेशी सुशासन कार्यक्रमलाई थप प्रभावकारी वनाउन विकास साझेदार संस्थाहरुसंग समन्वय तथा सहकार्य गरिनेछ।

१९. नगरपालिकाका सामुदायिक विद्यालयहरुको भौतिक संरचनाहरुको क्रमशः सुदृढीकरण गरिनेछ।

२०. सवै विद्यालयमा गुणस्तरीय खानेपानीको व्यस्था गरिनेछ।

२१. शैक्षिक सामग्रीहरुको उपलब्धता, प्रविधिको प्रयोग र शिक्षकको क्षमता विकास गर्दै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गरिनेछ।

२२. प्राविधिक शिप सिकाईका लागी विभिन्न क्षेत्रमा तालिम कार्यक्रमहरु आयोजना गरिनेछ।

२३. नगरपालिका भित्रका टुहुरा र असहाय वालवालिकाहरुका लागी चालू आ.ब. २०८२/०८३ मा संचालित **"लक्षित बालबालिका संरक्षणका लागी उपप्रमुख कार्यक्रम"** लाई निरन्तरता दिईनेछ।

२४. लागूपदार्थ, दुर्व्यसन, आत्महत्याजस्ता दुर्घटनाबाट बचाउन सवै वडाहरुमा किशोर किशोरी आत्मरक्षा तालिम तथा अन्तर्क्रिया कार्यक्रम संचालन गरिनेछ।

२५. विद्यालयको शैक्षिक क्यालेन्डर, विद्यालय व्यवस्थापन र जनशक्ति व्यवस्थापनलाई थप व्यवस्थित गरिनेछ।

२६. नगरभित्रका सामुदायिक विद्यालयहरुवाट SEE मा उत्कृष्ट नतिजा ल्याउने विद्यालयहरुलाई पुरस्कृत गरिनेछ।

२७. नगरपालिकाभित्र एक आधुनिक र प्रविधिमैत्री खेलकुद रंगशाला स्थापनाका लागी संघिय तथा प्रदेश सरकारमा समन्वय र विशेष पहल गरिनेछ।

२८. वार्षिक रुपमा माध्यमीक तहमा मेयरकप रनिङ शिल्ड तथा राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगिता संचालन गरिनेछ।

२९. कक्षा १-८ र १-१२ संचालन भएका विद्यालयमा अनिवार्य रुपमा नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल, युवा रेडक्रस सर्कलको वृत्ति विकासमा जोड दिईनेछ।

३०. नयाँ बिषयहरुको खोज तथा अनुसन्धानमा सहयोग पुग्ने गरी नगरपालिकाको केन्द्रमा पुस्तकालय संचालनमा ल्याईनेछ।

३१. कक्षा १ देखी ९ सम्मको परीक्षा सञ्चालन, ब्यवस्थापन र परीक्षाफल विश्लेषण गोष्ठी गरिनेछ।

३२. राष्ट्रपित रनिङशिल्ड तथा मेयर कप जिल्ला र पालिकास्तरीय खेलकुद कार्यक्रम तथा आधारभूत तहका विद्यालयमा खेलकुद कार्यक्रम सञ्चानल गरिनेछ।

३३. शिक्षक तालिम, उत्कृष्ठ विद्यालय तथा शिक्षक सम्मान, सिकाइ मेला र उपचारात्मक शिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

३४. स्थानीय पाठ्यक्रम, परिमार्जन, छपाई पाठ्यपुस्तक निर्माण गरी लागू गरिनेछ।

३५. नमूना विद्यालय निर्माण कार्यक्रम तथा नगर शैक्षिक प्रोफाइल निर्माण कार्यक्रम संचालन गरिनेछ।

३६. अपाङ्ग, टुहुरा, आर्थिक विपन्नताका कारण नियमीत विद्यालय जान नसक्ने वालवालिकाहरुलाई आवश्यक सहयोग र सकारात्मक मनोसामाजिक परामर्श सेवालाई निरन्तरता दिईनेछ।

३७. नगरपालिकाबाट एम.बि.बि.एस., ईन्जिनियरिङ्ग लगायतका प्राविधिक शिक्षा हासिल गर्ने विद्यार्थिहरुलाई मापदण्ड वनाई छात्रबृत्तिको व्यवस्था गरिनेछ।

३८. नगरपालिका भित्र सामुदायिक क्याम्पस स्थापनाका लागी सम्बन्धित निकायमा पहल गरिनेछ।

३९. नगरवासीको आधारभूत स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्नका लागी सवै स्वास्थ्य संस्थाहरुको भौतिक संरचनाहरु सुदृढ गर्दै सेवा प्रवाहमा सुधार गर्दै लगिनेछ।

४०. जिल्ला, प्रदेश र केन्द्रीय स्तरका सरकारी एवं निजी अस्पतालसंग समन्वय गरी  आँखा, दाँत, तथा आङ खस्ने र अन्य रोगको परीक्षण र उपचारका लागी  बार्षिक कम्तिमा एक पटक नि:शुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ।

४१. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागी आँखा, कान, नाक घाँटीको निशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ।

४२. नगरपालिकाका विपन्न परिवारलाई स्वास्थ्य विमामा आवद्ध गर्न **"नगरप्रमुख स्वास्थ्य वीमा कार्यक्रम"** लाई थप प्रभावकारी वनाईनेछ।

४३. स्वास्थ्य संस्थामा आधारभूत औषधिको अभाव हुन नदिनका लागी समयमै औषधि खरिद गरी  हस्तान्तरण गरिनेछ ।

४४. गर्भवती तथा सुत्केरी अवस्थामा जटिलता रेफरल सेवा र पूर्ण संस्थागत सुत्केरी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४५. नसर्ने रोग पहिचानका लागि एक महिने अभियान तथा नीजि अस्पतालसँग साझेदारीमा नि:शुल्क स्वास्थय शिविर सञ्चालन गरिनेछ।

४६. **Smart Health Global** कार्यक्रम स्वास्थ्य संस्थाहरुको डाटा भेरीफिकेशन कार्यक्रम सञ्चालन गरिनेछ।

४७. गर्भवती तथा सुत्केरी अवस्थाको जटिलताका लागी आकस्मिक प्रेसन  सेवालाई निरन्तरता दिइनेछ।

४८. मानसिक स्वास्थ्य तथा दीर्घरोग रोकथामका लागी सचेतना अभियान कार्यक्रम संचालन गरिनेछ।

४९. पूर्ण अपाँगता, आंशिक अपाँङ्गता, आर्थिक विपन्नता, एकल महिला, आमा, बाबु गुमाएका वालवालिकाहरु तथा विपन्न परिवारलाई स्वास्थ्य उपचार सेवाका लागी औषधि उपचार सहायता कार्यक्रमलाई मापदण्ड बनाई लागू गरिनेछ ।

५०. नगर विकासका लागी दिर्घकालीन महत्व राख्ने आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्यांकनको कार्य थालनी गर्ने नीति लिईने छ।

५१. नगरपालिका भित्रका मुख्य सडकहरुको कालोपत्रे गर्ने कार्यलाई तिब्रता दिनका लागि संघ र प्रदेश सरकारसंग समन्वय एवं श्रोत साझेदारी गरी निरन्तरता दिईने छ।

५२. नगरपालिकाका सवै वडा कार्यालयहरुसम्म सडक सञ्जाल निर्माण र स्तरोन्नतिका लागी संघ, प्रदेश तथा अन्य सम्बन्धित निकायहरुसंग समन्वय र साझेदारी गरिनेछ।

५३. कार्यालयको आफ्नै भवन नभएका वडा कार्यालयहरुमा भवन निर्माणको काम क्रमश: संचालन गरिनेछ।

५४. नगरपालिकामा १५ शैयाको नगर अस्पताल स्थापनाको लागी पहल गरिनेछ।

५५. एक घर एक धारा खानेपानी कार्यक्रमलाई निरन्तरता दिई सवै घरमा खानेपानीको पहुँच क्रमश: पु-याईनेछ।

५६. बृहत खानेपानी योजनाको माग भई विस्तृत आयोजना प्रतिवेदन समेत तयार भएर संचालन गर्न नसकिएका वृहत खानेपानी योजनाहरुलाई संघ, प्रदेश र नगरको सह-लगानीमा निर्माण कार्यको थालनी गर्न पहल गरिनेछ।

५७. खानेपानी योजना सम्बन्धी प्राविधिक नापजाँच सामग्री व्यवस्थापन गरिनेछ।

५८. उपभोक्ता समितिहरुलाई सम्बन्धीत विषयका तालिम र प्राविधिक कर्मचारीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

५९. स्थानीय वजार, टोल तथा सडकहरुमा ढल निकासको उचित व्यवस्थापन गर्न स्रोत व्यवस्थापन गरिनेछ।

६०. नगरपालिका भित्रका सवै टोलहरुलाई स्वच्छ, सफा र बातावरणमैत्री वनाउन सरसफाई कार्यक्रम संचालन गरिनेछ।

६१. नगरपालिका र वडाका सवै जनशक्तिहरुको क्षमता विकास गरिनेछ।

६२. नगरपालिका भित्र नयाँ पैदल मार्गको निर्माण र भईरहेका पैदल मार्गहरुलाई स्तरोन्नती गरिने छ ।

६३. नगपालिका भित्र भवन आचारसंहिता मापदण्ड कार्यान्वयनमा ल्याईनेछ।

६४. नगरपालिकाको रोजगार रणनीति योजना वमोजिम रोजगारीका क्षेत्र पहिचान गरी वेरोजगार युवा जनशक्तिलाई रोजगारीमा संलग्न गराईनेछ।

६५. बैदेशीक रोजगारीबाट फर्केका व्यक्तिलाई उद्यमशील क्षेत्रमा आवद्ध गरिनेछ।

६६. बैदेशीक रोजगारिमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सिपमूलक तालिम सञ्चालन गरिनेछ।

६७. स्थानीय वस्तुको नक्सांकन गरी घरेलु तथा साना उद्योगहरुको स्थापना गर्न प्रोत्साहित गरिनेछ।

६८. नगरपालिका भित्रवाट प्रत्येक बर्ष श्रम वजारमा प्रवेश गर्ने युवाहरुको तथ्यांकलाई व्यवस्थित गरी रोजगारीमा संलग्न गर्न सहजीकरण गरिनेछ।

६९. नगरपालिका भित्र उद्यम विकास, रोजगारी तथा आयआर्जन क्षेत्रमा संचालन गरिने कार्यक्रमहरुलाई एकीकृत गर्दै प्राथमीकता र आर्थिक विपन्न नगारिकहरुलाई प्रत्यक्ष लाभ पुग्नेगरी प्रभावकारी रुपमा संचालन गरिने छ।

७०. रोजगार सेवाकेन्द्रलाई श्रम सूचना बैकको रुपमा विकास गर्दै लगिनेछ।

७१. नगरभित्रका प्राविधिक, शिपयुक्त र शैक्षिक वेरोजगारहरुलाई उनीहरुको सीप र क्षमताको आधारमा व्यवसायमूलक स्व:रोजगार कार्यक्रममा संलग्न गराउन संघ र प्रदेश सरकारको समन्वयमा कार्यक्रमहरु संचालन गरिनेछ।

७२. सीपमेला सञ्चालन गरी सीप परीक्षण, प्रमाणीकरण र प्रमाण पत्र व्यवस्थापन गरिनेछ।

७३. प्रविधि सहयोग तथा नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ।

७४. वित्तिय संस्था, सरोकारवाला निकाय तथा गैर सरकारी संस्थाहरुसंगको समन्वयमा व्यवसाय दर्ता, वित्तिय साक्षरता, कानूनी र बित्तिय पहुँच सहजीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिनेछ।
७५. "एक वडा एक उद्योग संचालन" नीति क्रमशः कार्यान्वयन गरिनेछ।
७६. उद्यमशीलता विकास, रोजगारी श्रृजना र आर्थिक कृयाकलापमा सहकारी क्षेत्रलाई प्रोत्साहन गर्दै अधिकतम सहभागीता गराईनेछ।
७७. लैगिंक तथा पछाडी पारिएका वर्गहरुका लागी लक्षित कार्यक्रम संचालन गरिने छ।
७८. सहकारी मूल्य र सिद्धान्तलाई अनुशरण गर्न गराउन सवै सहकारी संस्थाहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
७९. नगरपालिकाभित्र हाल संचालनमा रहेका सहकारी संस्थाहरुको अनुगमन तथा नियमन गरिनेछ।
८०. सहकारीको पूजीलाई व्यवसायिक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ।
८१. खेलकुद क्षेत्रको विकासका लागी प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ।
८२. युवा जनशक्तिलाई समाज विकासमा परिचालन गरी राष्ट्रिय लाभ प्राप्त गर्न उद्यमशिल, सृजनशिल, र सकारात्मक सोचका साथ अगाडी वढाउने नीति र कार्यक्रम लागू गरिनेछ।
८३. खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
८४. वडा तथा नगरस्तरमा विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ।
८५. नगरपालिका भित्रका प्रमुख पर्यटकीय स्थलको रुपमा परिचित गन्तव्यहरुको विकास र प्रचार प्रसार गर्न संघ र प्रदेश सरकार संग समन्वय गरी विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछ।
८६. देशकै प्रसिद्ध धार्मिक पर्यटकीय मन्दिर वडीमालिकाको पूर्वाधार विकास गर्न र उक्त मन्दिरसम्म जाने मार्गको सुदृढीकरण र यात्रु वास बस्ने स्थानको व्यवस्था गरिनेछ।
८७. वडीमालिका, त्रिवेणीपाटन, विनी, नाटेश्वरी, गहतेमाई क्षेत्रलाई पर्यटकीय गन्तव्य स्थलका रुपमा विकास गर्न सवै तहका सरकार र अन्य गैर-सरकारी क्षेत्रसँग समन्वय गरिनेछ।
८८. छतारा मन्दिर - पञ्चपुरी – वडीमालिका धार्मीक पर्यटकीय क्षेत्रको पर्यटकीय पथमार्ग निर्माण पर्यटन विकासको पहिलो पाईला भएकोले उक्त भौतिक संरचना निर्माणका लागी संघीय सरकार पर्यटन मन्त्रालयमा श्रोत व्यवस्थापनका लागी विशेष पहल गरिनेछ।
८९. पालिका भित्रका मठ मन्दिरहरुको लगत संकलन गरी सूचीकृत गर्ने र सम्पूर्ण धार्मीक मठ मन्दिरहरुको संरक्षण, सम्वर्द्धन र पुनः व्यवस्थापनमा जोड दिईनेछ।
९०. वडीमालिका- नाटेश्वरी क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गर्न संघिय सरकारमा अनुरोध र पहल गरिनेछ।
९१. यस नगरपालिकामा अवस्थित पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्न सत्य तथ्य जानकारि र स्थानीय सूचना संचार क्षेत्रको भुमिकालाई वढावा दिइनेछ।
९२. आन्तरिक आयआर्जन बृद्धिका लागी नगरपालिकाको मूल आधार पर्यटन क्षेत्र भएकोले बाहै महिना आन्तरिक तथा बाह्य पर्यटकको आवागमनलाई सहजीकरण गर्न मौरे -नाटेश्वरी – वडीमालिका, छतारा- पञ्चपुरी- वडीमालिका कोरीडोरमा नीजी व्यवसायिहरुलाई लगानी गरी होटेल तथा होमस्टे व्यवसाय संचालन गर्न शान्ति सुरक्षा र लगानीको वातावरण वनाउन पहल गरिनेछ।
९३. दिगो वन व्यवस्थापनद्धारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनमा बृद्धि गरिनेछ।
९४. जैवीक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवावाट प्राप्त हुने लाभ बृद्धि गर्दै नगरको आन्तरिक आयस्रोत बृद्धि गरिनेछ।
९५. बाढी, पहिरो र भूस्खलनलाई रोकथाम गर्न नदि किनारामा तटवन्धन र वृक्षा रोपण गरिनेछ। यसका लागी संघ र प्रदेश सरकारसंग समेत समन्वय र सहकार्य गरिनेछ।
९६. वन, जैवीक विविधता र वन्यजन्तु संरक्षण गरिनेछ।
९७. नगरपालिकाको सरकारी तथा सामुदायिक वनमा संरक्षित वहुमूल्य जडीवुटीहरुको पहिचान गरी व्यावसायिक उपयोग गर्न पहल गरिनेछ।
९८. जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलनका उपाय अवलम्वन गरिनेछ।
९९. नगरपालिका भित्र संचालित साना जलविद्युत आयोजनाहरुको दिगो व्यवस्थापन गर्न पहल गरिनेछ।
१००. नगरपालिकाका हरेक घर परिवारहरुमा विजुलीको सुविधा पु-याउने तवरबाट विद्युत उत्पादन तथा वितरण गरिनेछ।
१०१. प्राकृतिक प्रकोप क्षेत्रहरुको पहिचान गरी रोकथाम तथा उद्धारका कार्यक्रमहरु संचालन गरिनेछ।
१०२. स्थानीय विपद् व्यवस्थापन कोषमा रकम जम्मा गरी कोष सञ्चालन कार्यविधि निर्माण गरिनेछ।
१०३. कृत्रिम विपद् घटना अभ्यास सञ्चालन गरी त्रिवेणी नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरिनेछ।
१०४. स्थानीय आपतकालीन सञ्चालन केन्द्र स्थापनाका लागी डिजिटल बोर्ड तथा आवश्यक सामग्री खरिद गरिनेछ।
१०५. विपद् राहत सामग्री खरिद गरी आवश्यकता अनुसार उपयोग गरिनेछ।
१०६. नगरपालिका भित्रका झोलुङ्गे पुलहरुको मर्मत सम्भार गरिनेछ।
१०७. सामुदायिक विपद् व्यवस्थापन समिति अध्यावधिक गरिनेछ।
१०८. स्थानीय जात जाती, मौलिक भेष भूषा, भाषा र संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
१०९. महिला, वालवालिका, दलित, अपाँगता भएका तथा पछाडी पारिएको क्षेत्र, वर्ग र समुदायलाई राज्यको मूलप्रवाहिकरणमा ल्याउन समानुपातिक समावेशी विकासको अवधारणा अनुसार विशेष कार्यक्रमहरु संचालनमा ल्याईनेछ।

११०. जोखिममा परेका वालवालिकाहरुको लागि तत्काल उद्धार र राहत सेवा प्रदान गर्न व्यवस्था मिलाईनेछ।

१११. बालबालिकाको शोषण र उनीहरुमाथि हुने दुर्व्यवहारलाई गम्भिर अपराधको रुपमा लिईनेछ। साथै, कुनै पनि किसिमको दुर्व्यवहार गर्न नपाउने कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वियन गरिनेछ।

११२. लैगिंक विभेदलाई अन्त्य गर्न सरकारको साधन र श्रोतमा महिला र वालवालिकाको पहुँच सुनिश्चित हुने गरी कार्यक्रमहरु संचालन गरिनेछ।

११३. पालिकाका सम्पूर्ण विद्यालयमा राष्ट्रिय वाल दिवस तथा वाल अधिकार समिति र वाल सञ्जाल गठन कार्यक्रम सञ्चालन गरिनेछ।

११४. पालिका तथा वडा स्तरीय तीज विशेष कार्यक्रम र अन्तराष्ट्रिय महिला दिवस कार्यक्रम मनाईनेछ।

११५. विपन्न महिला लक्षित जीविकोपार्जन कार्यक्रम र महिला लक्षित सीप विकास तालिम सञ्चालन गरिनेछ।

११६. फरक क्षमता भएका व्यक्तिहरुका लागि आत्मनिर्भर हुने क्षमता विकास तथा प्रमाणीकरण सेवा प्रदान गरिनेछ।

११७. वाल विवाह र छुवाछुत न्यूनीकरणका लागि पालिका, वडा र विद्यालयस्तरीय अभियान सञ्चालन गरिनेछ।

११८. लागू औषध र दुर्व्यसनमा लागेका बालबालिकाहरुको पुन:स्थापनाका लागि सरकारका साझेदार निकाय र नीजि क्षेत्रसंग समेत समन्वय गरी उपचारात्मक, मनोपरामर्श तथा अन्य सहयोग कार्यक्रमहरु संचालन गरिनेछ।

११९. नगरको विकासलाई समावेशी विकासका रुपमा अगाडी वढाईनेछ।

१२०. बालविवाह र छाउपडी जस्ता कु-प्रथाको अन्त्य गर्न महिला सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

१२१. विद्यालय तथा कुनै पनि सार्वजनिक स्थानमा हुने जातीय भेदभाव र छुवाछुत अन्त्य गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

१२२. महिला, दलित तथा पछाडी पारिएका वर्ग र समुदायको आर्थिक तथा सामाजिक विकास र सशक्तिकरणका लागी विशेष सिप, तालिम तथा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

१२३. सामाजिक सुरक्षामा आवद्ध जेष्ठ नागरिकहरुले प्राप्त गर्दै आईरहेको सेवा सुविधा प्राप्त गर्ने प्रक्रियालाई सहज र छिटो छरितो वनाईनेछ।

१२४. लैगिंक हिंसा र जातीय छुवाछुत विरुद्धका अभियानहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नीतिगत तथा कार्यन्वयनको क्षेत्रमा जोड दिईनेछ।

१२५. फरक क्षमता भएका, असक्त, आमा वावु नभएका वालवालिकाहरुको संरक्षण, शिक्षा तथा न्यूनतम आधारभूत सुरक्षाको व्यवस्था गरिनेछ।

१२६. नगरपालिकाका सवै वडा कार्यालयहरुवाट प्रदान गरिने अत्यावश्यक सेवालाई प्रविधिमैत्री वनाई सेवाको गुणस्तर र सुशासनमा जोड दिईनेछ।

१२७. सार्वजनीक सुनुवाई तथा स्थानीय विकास वहसका कार्यक्रमहरु मार्फत विकासलाई पारदर्शी र समावेशी वनाईनेछ ।

१२८. प्रत्येक वडामा सामाजिक परिक्षण, नागरिक वडापत्र, डिजिटल बोर्डमार्फत योजना तथा कार्यक्रमको प्रभावकारी अनुगमनलाई तिव्रता दिईनेछ।

१२९. जनप्रतिनिधि र कर्मचारीहरुलाई पूर्ण रुपमा जनता प्रति जिम्मेवार र जवाफदेही वनाई सुशासन कायम गरिनेछ ।

१३०. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई सूचना प्रविधिको प्रयोग मार्फत थप व्यवस्थित र प्रभावकारी बनाईनेछ।

१३१. आन्तरिक राजश्व वृद्धि गर्नका लागी नगरपालिकाभित्र विभिन्न व्यापार व्यवसायमा संलग्न व्यावसायीहरु सूचीकृत गरी लगत व्यवस्थापन गरिनेछ। साथै सम्पत्ति कर समयमै तिर्ने नगरवासीलाई प्रोत्साहित गरिनेछ ।

१३२. नगरपालिका भित्रको विभिन्न क्षेत्रवाट प्राप्त हुने कर तथा सेवा शुल्कको दायरा बृद्धि गर्न नीतिगत व्यवस्थामा सुधार गर्दै लगिनेछ।

१३३. कर तथा सेवाशुल्कवाट प्राप्त आन्तरिक राजश्वलाई चुहावट हुनवाट रोक्न सेवालाई प्रविधिमैत्री वनाउनुको साथै दक्ष एवं तालिम प्राप्त जनशक्ति निर्माणमा जोड दिईनेछ।

१३४. आयोजना, योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागी नतिजा तालिका, कार्यान्वयन कार्ययोजना, आयोजना विवरण तालिका र जिम्मेवारी तालिका तयार गरी लागू गरिनेछ ।

१३५. ईन्टरनेट सेवालाई गुणस्तर र भरपर्दो वनाउन वडा कार्यालय तथा वडाका अन्य सेवाक्षेत्रमा फाईवरनेट जडानको लागी नेपाल टेलिकमसंग समन्वय गरिनेछ।

१३६. डिजीटल नगर प्रोफायल तयार गरी नगरवासीलाई आधारभूत सूचना प्रणालीमा आवद्ध गरी व्यवस्थित गरिनेछ।

१३७. नगरपालिकाका सम्पूर्ण विकास गतिविधि र सेवा प्रवाहलाई जनस्तरमा पुर्याउन स्थानीय तथा राष्ट्रिय संचार माध्यमहरुसंग समन्वय गरी सूचना सम्प्रेषण गरिनेछ।

१३८. स्थानीय तहमा न्यायिक समितिले प्रदान गर्ने न्याय निरुपणका कार्यहरुलाई जनमैत्री र निष्पक्ष वनाउन न्यायिक समितिलाई न्याय निरुपण र कानूनी दक्षता सम्बन्धी क्षमता विकास गरिनेछ।

१३९. न्यायिक समिति संरचनागत रुपमा व्यवस्थित गरी न्याय प्रणालीलाई छिटो, विश्वसनीय र प्रभावकारी वनाईनेछ।

१४०. व्यक्तिगत घटना दर्ता (पञ्जीकरण) सेवालाई प्रभावकारी वनाईनेछ।

१४१. राजश्व संकलन प्रणालीलाई व्यवस्थित र पारदर्शी वनाईनेछ।

१४२. सूचना प्रविधिमार्फत सेवा प्रवाहलाई थप सहज र स्वचालित वनाईनेछ।

१४३. भूमी व्यवस्था सम्बन्धी सेवालाई व्यवस्थित गरिनेछ।

१४४. कर्मचारी क्षमता विकास, जनशक्ति परिचालन र आवश्यक उपकरण (Equipment) खरिद गरी संस्थागत क्षमता अभिबृद्धि गरिनेछ।

१४५. नगरपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका लागी बाह्य स्रोत तथा लगानी महत्वपूर्ण भएकोले संघ, प्रदेश, विकास साझेदार, सरकारी तथा गैर सरकारी संस्थाहरुसंग समन्वय गरिनेछ।

१४६. नगरपालिका भित्र शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ र राष्ट्रिय भवन संहिता तथा मापदण्ड लागू गरी नयाँ संरचनाहरु निर्माण गर्न कार्यविधि निर्माण गरी लागू गरिनेछ।

१४७. नगरभित्रको प्राकृतिक तथा खानीजन्य पदार्थको सम्भाव्यता अध्ययन गर्न आवश्यक कानूनी व्यवस्था गरी यस्ता पदार्थको निकासी मार्फत आन्तरिक आम्दानीमा बृद्धि गरिनेछ ।

१४८. नगरपालिकाका सामाजिक तथा सार्वजनिक जीवनका महत्वपूर्ण क्षेत्रमा योगदान पु-याएका व्यक्तिहरुलाई सम्मान गरिनेछ।

१४९. नगरभित्र नगरवासीको सहज आवत जावतका लागि नीजि क्षेत्रसंग समन्वय गरी सार्वजनिक यातायातलाई व्यवस्थित गरिनेछ।

१५०. नगरपालिकामा विभिन्न कार्यक्रम संचालन गर्ने सरकारी निकाय तथा गैर सरकारी संघ संस्थाहरुसंग समन्वय गरी कार्यक्रममा दोहोरोपना हटाई प्रभावकारीता बढाईनेछ।

१५१. नगरपालिकाको चालू खर्चमा क्रमश: कमी गर्दै पूँजीगत खर्चमा बृद्धि गरी पूर्वाधार र रोजगारी श्रृजनामा जोड दिने नीति लिईनेछ।

**नगरसभा सदस्य ज्युहरु**

***"स्वस्थ नागरिक, गुणस्तरिय शिक्षा, सबल पूर्वाधार, समावेशी विकास र रोजगारी सृजना – समृद्ध र आत्मनिर्भर नगर निर्माण हाम्रो लक्ष्य"*** सहित हाम्रो नगरपालिकाले लिएको विकासको लक्ष्यलाई पुरा गर्न सम्पूर्ण नगरवासी आमा वुवा, दाजुभाई तथा दिदी-वहीनीहरुमा हार्दिक अपील गर्न चाहन्छु। नगर सरकारको नीति तथा कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन गर्न नगरसभाको एक्लो प्रयासले मात्रै सम्भव नहुने भएकोले संघिय सरकार, प्रदेश सरकार, विकास साझेदार, नीजि क्षेत्र र आम नगरवासीको साझा प्रयासको अपेक्षा गरी सोही अनुसार, कार्यान्वयन हुनेमा म विश्वस्त छु। यस निति तथा कार्यक्रम निर्माण गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नगरसभाका सदस्यज्युहरु, सम्पूर्ण राजनितिक दलका प्रमुख एवं प्रतिनिधी ज्यूहरु, विभिन्न संघसंस्थाका प्रतिनिधि ज्युहरु, आमन्त्रित विषय विज्ञ, नगरपालिकाका कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु, सुरक्षाकर्मी मित्रहरु लगायत नगरवासि दाजुभाई तथा दिदिबहिनिहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

त्रिवेणी नगरपालिकाको समुन्नत विकास प्रक्रियामा आजसम्म सहयोग गर्नुहुने जनप्रतिनिधिज्युहरुको यो टिमलाई सहयोग उपलव्ध गराउने संघीय सरकार, सुदुरपश्चिम प्रदेश सरकार, सहयोगी संघसंस्था तथा निकायहरु र निजिक्षेत्र प्रति हृदयदेखी नै आभारी छु। यस्तै प्रकारको सहयोग निरन्तर भई रहनेछ भन्ने आत्म विश्वास व्यक्त गर्दछु।

श्री बडिमालिका माताले सबैको रक्षा गरुन!

धन्यवाद!

कर्ण बहादुर थापा
नगर प्रमुख